# Arun Valley Hydropower Development Company Ltd.

Regd. No. 934/062/63
Pan No.: 500103814

G.P.O. Box 11039, 2nd floor, Trade Tower Nepal, Thapathali, Kathmandu, Nepal
Head Office : - Tel.: +977-01-5111086
E-mail : arunvalley2054@gmail.com, Website: www.arunhydro.com.np


प.स.१३
२०८३/८४

मिति : २०८३।०५।२८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,

सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषय : आर्थिक बर्ष २०८२/८३ को लाभांश, बार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताब बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको **मिति २०८३/०५/२८ गते बिहान १०.०० बजे** बसेको सञ्चालक समितिको बैठक (**बैठक संख्या २८–७**) ले यस कम्पनीको **आ.ब. २०८२/८३** को मुनाफा र सञ्चितीबाट हाल कायम रहेको चुक्ता पूँजी **रु. ४,०४,०४,०३,१५०।–** को **५ प्रतिशतले** हुन आउने **रु २०,२०,२०,१५७.५० (अक्षरेपी बिस करोड बिस लाख बिस हजार एक सय सन्ताउन्न रुपैया पचास पैसा मात्र) बोनश शेयर** र **०.२६३ प्रतिशतले** हुन आउने **रु. १,०६,३२,३२०.८९ (अक्षरेपी एक करोड छ लाख बत्तिस हजार तिन सय बिस रुपैया उनानब्बे पैसा मात्र) नगद लाभांश** (कर प्रयोजनको लागि) गरि कुल **रु २१,२६,५२,४७८.३९ (अक्षरेपी एक्काइस करोड छब्बिस लाख बाउन्न हजार चार सय अठत्तर रुपैया उन्नचालिस पैसा)** प्रदान गर्ने निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ । उपरोक्त लाभांश कम्पनीको **२९औं** वार्षिक साधारण सभाले अनुमोदन गरे पश्चात् वितरण गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

साथै **मिति २०८३।०६।२७** गतेमा कम्पनीको **२९औ** बार्षिक साधारण सभा बोलाइएको जानकारीको लागि अनुरोध छ । उपरोक्त बार्षिक साधारण सभा र लाभांश प्रयोजनको लागि **मिति २०८३।०६।१३** गते १ दिनका लागि शेयरधनी दर्ता किताब बन्द गर्ने समेत निर्णय गरिको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

भवदीय,

(रञ्जु अधिकारी)
**कम्पनी सचिव**

**बोधार्थ :**

१. **श्री विद्युत नियमन आयोग,** सानो गौचरण, काठमाडौं ।

२. **श्री नेपाल धितोपत्र बोर्ड ,** खुमलटार, ललितपुर ।

३. **श्री कम्पनी रजिष्टारको कार्यालय,** त्रिपुरेश्वर, काठमाडौं ।

४. **श्री मुक्तीनाथ क्यापिटल लिमिटेड,** नक्साल, काठमाडौं ।

## अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

ESTD. 1997 A.D.

को

# २९औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम प्रकाशित मिति २०८३/०५/२९ गते**

यस कम्पनीको मिति २०८३/०५/२८ मा बसेको सञ्चालक समितिको बैठक (बैठक संख्या **२८-०७**) को निर्णय अनुसार कम्पनीको **२९औं** वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल गरि निर्णय गर्न सभा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**

मितिः २०८३ असोज २७ गते मंगलबार (13th October, 2026)

समय विहान १०:०० बजे ।

स्थानः होटल क्रिस्टल पशुपती, गौशाला, काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूचीः**

**क) सामान्य प्रस्ताव :**

१. अध्यक्षज्यूको मन्तव्य सहितको उन्तिसौं वार्षिक साधारण सभा (आ.ब. २०८२/०८३) को प्रयोजनको लागि सञ्चालक समितिले तयार पारेको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/०८३ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरूमा छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८३/०८४ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. २०८२/०८३ सम्मको संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजीको ०.२६३ प्रतिशतले हुन आउने नगद लाभांश (कर प्रयोजनको लागि) वितरण गर्ने सम्वन्धमा ।

५. कम्पनीको लगानी रहेका सहायक कम्पनीहरुले निर्माण गर्ने आयोजनाहरुका लागि कर्पोरेट ग्यारेन्टी दिने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. २०८२/०८३ सम्मको संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजीको ५ प्रतिशतले हुन आउने रकम बराबरको बोनश शेयर वितरण गर्ने सम्वन्धमा ।

२. वोनश शेयर जारी गर्दा खण्डिकृत भएमा खण्डिकृत शेयर सम्बन्धित शेयरधनीको नाममा जगेडा राख्ने सम्बन्धमा ।

३. वोनश शेयर वितरण पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका आवश्यक दफाहरु संशोधन गर्ने सम्वन्धमा ।

४. कम्पनीको नियमावली तथा प्रबन्धपत्रमा आवश्यक संशोधन गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्विकृत लिने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**वार्षिक साधारण सभा सम्बन्धी जानकारीहरुः**

१) शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान ९:०० बजेबाट खुल्ला गरिनेछ ।

२) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र वा हितग्राही खाता (Demat Account Statement) खोली शेयरको अभौतिकरण गरिएको विवरण देखिने (Demat Account Statement) वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।

३) २९औं वार्षिक साधारण सभा प्रयोजनको लागी मिति २०८३ असोज १३ गते एक दिनका लागि शेयरधनी दर्ता किताव बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३ असोज १२ गते सम्म कारोबार भई म्याद भित्र यस कम्पनीको शेयर रजिष्ट्रार मुक्तीनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र आ.ब. २०८२/०८३ को बोनश तथा नगद लाभांश पाउन योग्य हुनेछन ।

४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ ।

५) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

७) २९औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय दोस्रो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ वा शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पर्क गर्न सकिनेछ । थप जानकारीको लागि कम्पनीको वेवसाइट www.arunhydro.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**